*'कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान'*

# रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पहरीगाउँ, इलाम
### कोशी प्रदेश, नेपाल

प. सं.:२०८२/०८३

च. नं. :

मिति :२०८२/०४/१९

---

**विषय :** समूह तथा फर्म नवीकरण गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा **'रोङ गाउँपालिकाको कृषि तथा पशुपालन समूह/फर्म दर्ता तथा नवीकरण कार्यविधि २०८१'** दर्ता भएका कृषक समूह, पशुपालक समूह, कृषक तथा पशुपालक समूह, कृषि फर्म, पशुपंक्षी फर्म, मिश्रित फर्महरु उक्त कार्यविधि बमोजिम हरेक वर्ष असोज १५ गतेभित्र नवीकरण गर्नुपर्ने भन्ने उल्लेख भएको व्यहोरा स्मरण गराउँदै तपशील बमोजिमका कागजात संलग्न गरी नवीकरण गर्न आउन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

तपशील :

(क) कृषक समूह, पशुपालक समूह, कृषक तथा पशुपालक समूह, नवीकरणका लागि

१. अनुसूची -४ बमोजिमको निवेदन,
२. अनुसूची -५ बमोजिमको समूहको विवरण,
३. अनुसूची -६ बमोजिमको प्रगति प्रतिवेदन र बार्षिक कार्यक्रम,
४. समूह नवीकरण गरिदिने विषयमा वडा कार्यालयको सिफारिस,
५. समूह नवीकरण गर्ने निर्णयको छायाँप्रति,
६. समूह दर्ता प्रमाणपत्रको सक्कलप्रति,
७. समूहका सबै सदस्यहरुको नेपाली नागारिकताको प्रमाणपत्रको छायाँप्रति ।

(ख) कृषि फर्म, पशुपंक्षी फर्म, मिश्रित फर्म नवीकरणका लागि

१. कृषि फर्मको लागि अनुसूची - १० बमोजिमको निवेदन तथा
२. पशुपंक्षी फर्म र मिश्रित फर्मको लागि अनुसूची -१३ बमोजिमको निवेदन,
३. सम्बन्धित वडाको सिफारिस ।

२०८२-०४-१९

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

---